# झिमरुक गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

## भ्यागुते, प्युठान

### लुम्बिनी प्रदेश, नेपाल

**आर्थिक सहायता सम्बन्धी कार्यविधि, २०८१**

**कार्यपालिकाबाट स्वीकृत मितिः २०८१/९/१८**

# आर्थिक सहायता सम्बन्धी कार्यविधि, २०८१

प्रस्तावनाः- यस झिमरुक गाउँपालिकामा रहेका आर्थिक रुपले विपन्न, अशक्त, असहाय, जोखिममा परेका, दीर्घ रोगी, हिंसा पीडित महिला, बालवालिका, बेवास्तामा परेका ज्येष्ठ नागरिक, प्राकृतिक प्रकोप वा अन्य कुनै विपतको कारण जोखिममा रहेका व्यक्ति तथा परिवार लगायत कमजोर आर्थिक अवस्थाको कारण जोखिमा परेका नागरिकको संरक्षणको लागि न्यूनतम आर्थिक सहायता उपलब्ध गराउन बाञ्छनिय भएकोले झिमरुक गाउँ कार्यपालिकाले यो कार्यविधि बनाएको छ ।

## परिच्छेद- १
## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भः**

१) यस कार्यविधिको नाम "झिमरुक गाउँपालिका आर्थिक सहायता सम्बन्धी कार्यविधि, २०८१" रहेको छ ।

२) यो मापदण्ड तुरुन्त लागू हुनेछ ।

**२. परिभाषा विषय प्रसंगले अर्को अर्थ नलागेमा**

१) "गाउँपालिका" भन्नाले झिमरुक गाउँपालिकालाई सम्झनु पर्छ ।

२) "गाउँकार्यपालिका" भन्नाले झिमरुक गाउँ कार्यपालिकालाई सम्झनु पर्छ ।

३) "आर्थिक सहायता पाउन योग्य व्यक्ति" भन्नाले आर्थिक रुपले विपन्न, अशक्त, असहाय, जोखिममा परेका, दीर्घ रोगी, हिंसा पीडित महिला, वालवालिका, वेवास्तामा परेका ज्येष्ठ नागरिक, प्राकृतिक प्रकोप वा अन्य कुनै विपतको कारण जोखिममा रहेका व्यक्ति तथा परिवार लगायत कमजोर आर्थिक अवस्थाको कारण जोखिमा परेका व्यक्ति सम्झनु पर्दछ ।

४) "न्यायिक समिति" भन्नाले झिमरुक गाउँपालिका अन्तर्गतको न्यायिक समिति सम्झनु पर्दछ ।

५) "अध्यक्ष" भन्नाले झिमरुक गाउँपालिकाको अध्यक्षलाई सम्झनु पर्दछ ।

६) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले झिमरुक गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृत सम्झनु पर्दछ ।

७) "वडा अध्यक्ष" भन्नाले झिमरुक गाउँपालिकाको सम्बन्धित वडा अध्यक्ष भनि सम्झनु पर्दछ।

## परिच्छेद- २
## आर्थिक सहायता सम्बन्धि व्यवस्था

**३. उपचार सहायता सम्बन्धी व्यवस्था-**

(१) आर्थिक रुपले विपन्न दीर्घ रोगी (मृगौला, मुटु, फोक्सो, कलेजो, मस्तिष्क आदि) तथा क्यान्सर पीडित व्यक्तिले आर्थिक सहायता प्राप्त गर्नका लागि आवश्यक कागजात र वडाको सिफारिस सहित गाउँपालिकामा निवेदन दिन सक्नेछन् ।

(२) उपखण्ड (१) बमोजिम प्राप्त निवेदन माथि आवश्यक जाँचबुझ गरी रु. १०,००० (दश हजार) सम्मको आर्थिक सहायता दिई निःशुल्क उपचारको लागि समेत सिफारिस गर्न सकिनेछ । यसरी आर्थिक सहायताका लागि निवेदन दिदा निवेदकले अनुसूची-२ बमोजिम आफु र आफ्नो परिवारको वार्षिक आम्दानी रु. **दुई लाख** भन्दा कम भएको स्वघोषणा गर्नु पर्ने छ। साथै स्वघोषणा सम्बन्धित वडाको वडा अध्यक्षद्वारा प्रमाणीत गराउनु पर्नेछ ।

**४. हिंसा पीडित तथा जोखिममा परेकालाई सहायता सम्बन्धी व्यवस्थाः –**

१) घरेलु हिंसा, यौनजन्य हिंसाबाट पीडित महिला तथा बालबालिकाको तत्काल उद्धार तथा राहतवापत रू. १०,००० (दश हजार) सम्म आर्थिक सहायता उपलब्ध गराउन सकिनेछ ।

२) पीडितलाई न्याय दिलाउन एवं. पुनर्स्थापनाका लागि न्यायिक समिति मार्फत आवश्यक पहल गरिनेछ ।

**५. जोखिममा परेका बालबालिकालाई सहायताः-**

१) आर्थिक कारणले जोखिमपूर्ण श्रममा संलग्न भएको, हराएको वा वेवारिसे अवस्थामा फेला परेको, बन्धकमा परेको वा जवरजस्ती श्रमबाट पीडित भएको, शारीरिक वा मानसिक यातना वा भेदभावजस्ता दुर्व्यवहार पीडित, दूर्घटनामा परेको, प्राकृतिक प्रकोपमा परेको, बाबु वा आमा कारागार वा हिरासतमा रहेको वा कसुरसँग सम्बन्धित रहेको कारणले वेवारिसे रहेको, यौन शोषण, यौन दुर्व्यवहार, बेचविखन ओसारपसारमा परेको, हिंसा पीडित, बाबु आमा वा संरक्षकबाट वञ्चित, अपांगता भएको, सुस्तमनस्थिति भएको, अपहरण वा शरीर बन्धकमा परेको सडक वालवालिका, एच.आई.भी.एड्सबाट संक्रमित बालबालिका भएमा तथा तत्काल उद्धार गर्नुपर्ने

अवस्था भएमा गाउँपालिकाले उद्दार गरी तत्काल रू. १०,००० (दश हजार) सम्म आर्थिक सहायता उपलब्ध गराउन सकिनेछ ।

२) उपखण्ड (१) मा उल्लिखित बालबालिकाको शिक्षा तथा पालनपोषणको लागि बाल उद्धार गृह तथा संस्थागत विद्यालयसँग समन्वय गरी छात्रवृत्ति मार्फत शिक्षा तथा पालन पोषणको व्यवस्था गर्न गाउँपालिकाले पहल गर्नेछ।

**६. प्रकोपजन्य विपद्वाट पीडित व्यक्ति तथा परिवारलाई सहायता सम्बन्धी व्यवस्थाः**

वाढी, पहिरो, आगलागी, दुर्घटना,जंगली जनाबरबाट आक्रमण भएका वा यस्तै विपतजन्य घटनाबाट क्षति पुगेको व्यक्ति तथा परिवारको उद्दार तथा राहतको लागि रू. १०,०००।- (दश हजार) सम्म आर्थिक सहायता उपलब्ध तत्काल गराउन सकिनेछ ।

पीडितको आवश्यकता हेरी अन्य जिन्सी सामान समेत गाउँपालिकाले विपद् राहतस्वरुप उपलब्ध गराउन सक्नेछ ।

**७. काजक्रिया सहायता सम्बन्धी व्यवस्थाः**

(१) आर्थिक रुपमा विपन्न कुनै परिवारको सदस्यको मृत्यु भएमा काजक्रिया सहायता वापत रू. १०,०००।- (दश हजार) सम्म आर्थिक सहायता उपलब्ध गराउन सकिनेछ ।

**८. अन्य आर्थिक सहायताः-**

(१) यस कार्यविधिमा उल्लेख भएबाहेक अन्य कुनै अवस्थाको व्यक्ति तथा परिवार बा संघ संस्थालाई आर्थिक सहायता दिन मनासिव भएमा रू. १०,०००। (दश हजार) सम्म आर्थिक सहायता उपलब्ध गराउन सकिनेछ।

**९. जिन्सी सहायता उपलब्ध गराउन सक्नेः**

(१) यस कार्यविधिबमोजिम उपलब्ध गराइने सहायता नगद वा सो बरारबरको जिन्सीको रुपमा उपलब्ध गराउन सकिनेछ ।

## परिच्छेद ३

## विविध

**१०. निवेदनका ढाँचाः-** आर्थिक सहायता पाउन अनुसूची- १ को ढाँचामा निवेदन दिनु पर्नेछ । तर तत्काल उद्दार तथा राहत दिन आवश्यक भएकोमा कुनै माध्यमबाट गाउँपालिकामा जानकारी

हुन आएमा निवेदन नपरेको अवस्थामा समेत गाउँपालिकाले आफै नगद तथा जिन्सी सहायता यस कार्यविधिबमोजिम सहायता पाउने व्यक्तिलाई उपलब्ध गराउन सक्नेछ।

**११. निर्णय गरी सहायता उपलब्ध गराउनुपर्नेः**

१) यस कार्यविधि अनुसार आर्थिक सहायता उपलब्ध गराउदा प्रष्ट कारण खुलाई निर्णय गरी उपलब्ध गराउनुपर्नेछ ।

२) आर्थिक सहायतासम्बन्धी निर्णय गर्दा रु. १०,०००। (दश हजार) सम्मको रकम तत्काल दिनुपर्ने आधार र कारण भएमा अध्यक्षको निर्णयानुसार उपलब्ध गराइनेछ। अन्य अवस्थामा गाउँ कार्यपालिकाको निर्णयानुसार आर्थिक सहायता उपलब्ध गराइनेछ ।

३) यस कार्यविधिमा उल्लेख भएको रकमको सीमाभन्दा बढी आर्थिक सहायता उपलब्ध गराउनुपर्ने अवस्था भएमा गाउँ कार्यपालिकाको निर्णयानुसार हुनेछ।

**१२. सहायता सम्बधी बजेट व्यवस्थापनः** यस कार्यविधिको अधिनमा रही खर्च गर्ने गरी वार्षिक रुपमा निश्चित रकम गाँउसभाबाट विनियोजन भएवमोजिम आर्थिक सहायता उपलब्ध गराउनु पर्नेछ। उक्त रकम अपुग हुने अवस्थामा तपसिल बमोजिम खर्च लेख बाधा पुगेको मानिने छैन ।

१) दुर्घटना तथा विपद् राहत व्यवस्थापन सम्बन्धमा गाँउपालिका वा वडास्तरमा रहेको विपद् व्यवस्थापन कोषबाट ।

२) जटिल/कडा किसिमका रोगहरु तथा दीर्घ रोगीको सम्बन्धमा गाँउपालिकाको स्वास्थ्य सम्बन्धी कोष तथा कार्यक्रमबाट ।

**१३. कार्यविधि संशोधनः** यस कार्यविधिमा प्रचलित कानूनको प्रतिकुल नहुनेगरी गाँउ कार्यपालिकाले संशोधन गर्न सक्नेछ ।

**१४. बाधा अड्काउ फुकाउने**: यस कार्यविधिको कार्यान्वयनमा कुनै बाधा अड्काउ आइपरेमा यसको बाधा अड्काउ फुकाउने अधिकार कार्यपालिकामा रहने छ ।

## अनुसूची - १
## (दफा १० सँग सम्बन्धित)

मितिः -

श्रीमान् गाउँपालिका अध्यक्ष ज्यू
झिमरुक गाउँपालिका, गाउँकार्यपालिकाको कार्यालय, भ्यागुते,प्युठान।

विषयः- आर्थिक सहायता उपलब्ध गराईदिनु हुन ।

महोदय,

प्रस्तुत विषयमा म/हामी.......................... समस्याले ग्रसित भई .......................... गर्नका लागि यस कार्यालयको सहयोग आवश्यक भएको व्यहोरा अवगत गराउँदछु/छौं । उपचारको लागि म र मेरो परिवारको आर्थिक अवस्था नाजुक भएको हुँदा सो को लागि तहाँ कार्यालयको नियमानुसार आर्थिक सहायता उपलब्ध गराई दिनु हुन / निशुल्क उपचारको लागि सम्बन्धित निकायमा सिफारिस गरिदिनु हुन तपसिलका कागजातहरु यसैसाथ संलग्न राखि पेश गर्दछु/गर्दछौं ।

तपसिलः

१. विपन्नताको सिफारिस तथा प्रमाणित प्रतिलिपि
२. नागरिकता/जन्मदर्ता/विवाहदर्ताको प्रतिलिपि
३. अस्पतालको रिपोर्ट
४. मुचुल्का
५. सरकारी कार्यालयवाट प्रमाणीत कागजात सिफारीस
६. वडा कार्यालयको सिफारिस
७. अन्य कागजातहरु आवश्यकता अनुसार

निवेदक नामः
ठेगानाः
हस्ताक्षरः

## अनुसूची -२
## (दफा ३ संग सम्बन्धित )

श्रीमान् गाऊँपालिका अध्यक्ष्य ज्यू
झिमरुक गाँउपालिका, गाउँकार्यपालिकाको कार्यालय, भ्यागुते, प्यूठान

<u>स्वघोषणा फारम</u>

म निम्न वैयत्तिक विवरण भएको व्यक्तिलेः

नामः
उमेरः
ठेगानाः
सम्पर्क नं.
नागरिकता प्रमाण पत्र नं.
पेशाः
वार्षिक आम्दानीः
परिवारको बार्षिक आम्दानीः

यस आर्थिक वर्ष (                ) यस पालिकाबाट कुनै पनि प्रकारको आर्थिक सहायता प्राप्त नगरेको व्यहोरा प्रमाणित गर्दछु । म /मेरो परिवारको बार्षिक आम्दानी २ लाख भन्दा न्यून रहेको हुँदा आर्थिक सहायताको लागि निवेदन पेश गरेको व्यहोरा अवगत गराउँछु।

माथि प्रमाणित गरिएको विवरण झुटो ठहरिए कानुन बमोजिम सहुँला/बुझौला ।

हस्ताक्षरः

मितिः

माथि उल्लिखित बेहोरा ठिक साँचो भएको प्रमाणित गर्दछु ।

वडा अध्यक्षको नामः

हस्ताक्षरः

मितिः

झिमरुक गाउँ कार्यपालिकाको बैठकबाट मिति २०८१/०९/१८ गते पारित "आर्थिक सहायता सम्बन्धी कार्यविधि, २०८१" झिमरुक गाउँ कार्यपालिकाको निर्णय वा आदेश र अधिकारपत्रको प्रमाणीकरण कार्यविधि नियमावली, २०७४ को नियम ३ को उपनियम ४ बमोजिम प्रमाणीकरण गर्दछु।

कृष्ण बहादुर थापा
प्रमुख प्रशासकीय अधिकृत
मिति २०८१/९/२१